# गाई/भैसीलाई सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता अनुदान कार्यक्रम सञ्चालन कार्यविधि-२०८२

## १. पृष्ठभुमि

गाई/भैसीले वेत भरि दिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ। सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोही अनुपातमा सो वेत भरि नै उत्पादन कायम राख्न सकिन्छ। त्यसैले सो अवधिमा पशुको अति महत्वपर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी/पाडापाडीको स्याहारसुसार गर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरूमा जागरण ल्याउन आवश्यक ठानी अजिरकोट गाउँपालिकाले बिमित गाई/भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल र सहज व्यवस्थित ,प्रभावकारी र पारदर्शि रूपले कार्यन्वयन गर्न अजिरकोट गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

## २. परिभाषा

क) गाउँपालिकाः भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) अध्यक्षः भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग) उपाध्यक्षः भन्नाले अजिरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

घ) प्रमुख प्रशासकीय अधिकृतःभन्नाले दफा ८४ बमोजिमको अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) कार्यपालिकाः भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

च) आर्थिक विकास समितिको संयोजकः भन्नाले गाउँपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ।

छ) पशु सेवा शाखाः भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गतको पशु सेवा शाखा सम्झनु पर्दछ।

ज) वडाः भन्नाले अजिरकोट गाउँपालिकाका सबै वडाहरूलाई सम्झनु पर्दछ।

झ) कार्यविधिः भन्नाले गाई/भैंसीलाई सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८२ लाई सम्झनु पर्दछ।

## ३. उदेश्यहरू

क. दुधालु पशुको लैनो अवस्थामा थप स्याहारसुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन वृद्धि गरी सोहि अनुपातमा वेत भरि नै दुध उत्पादन कायम राख्ने।

ख. बाच्छाबाच्छी तथा पाडापाडीको मृत्युदर कम गरी उचित वृद्धिदर तौल तथा गुणस्तर कायम राख्ने।

ग. पशुको दुई वेतको अन्तर कम गरि उत्पादन लागत घटाउने।

४. **कार्यक्रम सन्चालन हुने स्थानहरूः** अजिरकोट गाउँपालिकाका सबै वडाहरु।

५. **कार्यक्रम सन्चालनका लागि कृषक छनौटका आधारहरूः**

क. एक वा एक भन्दा बढी दुहुना गाई/भैसी पालेको।

ख. अनिवार्य रुपमा पशु बिमा गरेको हुनु पर्नेछ।सुत्केरी हुनुभन्दा कम्तिमा ३५ दिन अगाडि बिमा गरेको मात्र मान्य हुनेछ।

ग. सम्बन्धित वडाबाट पशु ब्याएको प्रमाण वा वडाको सिफारिस सहित अनुसुची-१ बमोजिमको निवेदन पेश गरेको हुनु पर्नेछ।

६. **कार्यक्रम सन्चालनका लागि साझेदार छनौट प्रक्रियाः**

क. अजिरकोट गाउँपालिका पशु सेवा शाखाले दरखास्त आह्वान गर्नेछ।

ख. अनुदान प्राप्त ईच्छुक दफा ५ अनुसारको मापदण्ड पुरा गरेको कृषकहरुले सम्बन्धित अजिरकोट गाउँपालिका पशु सेवा शाखा वा वडा कार्यलयमा निवेदन पेश गर्नुपर्नेछ।

ग. प्राप्त निवेदनहरू प्राविधिक समितिमा पेश गर्नु पर्नेछ।

घ. प्राविधिक समितिले पेश भएका विवरणका आधारमा कृषकहरू छनौट गर्नेछ।प्रति कृषक प्रति सुत्केरी गाई/भैसी रु.५००० का दरले अनुदान रकम उपलब्ध हुने गरी प्राथमिकताका आधारमा कृषक छनौट गर्नेछ।

ङ. कृषकहरू छनौट भएका कृषकहरुले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्नेछन।

७. **सेवा सन्चालन प्रक्रियाः** यस कार्यक्रम बमोजिमको सेवा सन्चालन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ।

क. अनुदान प्राप्त गर्ने छनौट भएका कृषकलाई अजिरकोट गाउँपलिका कार्यलयबाट सम्बन्धित कृषकको खातामा भुक्तानी गरिनेछ।

ख. पशु व्याइ नसकेका र व्याउन अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरूले पशु व्याएको प्रमाण र वडाको सिफारिस सहित अन्य कागजातहरु अजिरकोट गाउँपालिका पशु सेवा शाखामा पेश गरेपछि मात्र आवश्यक प्रक्रिया पुरा गरेका कृषकलाई भुक्तानीका लागि गाउँपालिकामा सिफारिस गरिनेछ।

**८. गाई/भैसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम कार्यन्वयनको लागि प्रस्तावित आर्थिक नर्मस**

| क्र.स | कार्यक्रमको विवरण | इकाई | रु. प्रति इकाई |
|---|---|---|---|
| १. | सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता | प्रति गाई/भैसी | रु.५०००।- |

९. **अनुगमन मुल्याङकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** यस कार्यक्रमको अनुगमन अजिरकोट गाउँपालिका पशु सेवा शाखाले गर्नेछ।यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपशिल बमोजिमको एक अनुगमन समिति रहनेछ र सो समितिले वडाबाट प्राप्त अभिलेखलाई आधारमानी अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा अनुदान रकम दिईनेछ।

१.) आर्थिक विकास समितिको संयोजकः संयोजक

२.) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीः सदस्य

३.) पशु सेवा शाखा प्रमुख वा निजले तोकेको कर्मचारीः सदस्य-सचिव

१०.**बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्ने छ।

११. **संशोधनः** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट,हेरफेर वा संशोधन गर्न सक्नेछ।

## अनुसुची-१

## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

मितिः

श्री पशु सेवा शाखा प्रमुखज्यु,
अजिरकोट गाँउपालिका, गाँउ कार्यपालिका कार्यालय,
भच्चेक,गोरखा।

**विषयः गाई/भैसीलाई सुत्केरी पशु आहारा भत्ता माग सम्बन्धमा।**

प्रस्तुत विषयमा अजिरकोट गाँउपालिका,पशु सेवा शाखाबाट मिति.........................................मा प्रकाशित सूचना अनुसार “गाईभैसीलाई सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता कार्यक्रम” रहेको र म.................................ले पालन पोषण गरिरहेको ..........वर्ष को............... रङ्गको.................स्थानीय/उन्नत/क्रस जातको गाई/भैसी मिति.............................मा ब्याएकोले तपशिलका कागजातहरु संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

संलग्न कागजातहरुः

क. सम्बन्धित वडा कार्यलयको सिफारिस।
ख. पशुपालक कृषकको नेपाली नागरिकताको प्रतिलिपि।
ग. बैंकको चेकको प्रतिलिपि।
घ. पशु बिमा गरेको बिमालेखको प्रतिलिपि।
ङ. सम्बन्धित कृषक सहित सुत्केरी गाई/भैसीको साथको बाच्छा/बाच्छी/पाडा/पाडीको फोटो २ प्रति।
च. अनुसुची-३ बमोजिम सम्बन्धित वडा प्राविधिकको अनुगमन प्रतिवेदन।
छ. अनुसुची-२ बमोजिमको कृषकको प्रतिबद्दता पत्र।

**निवेदकको**

दस्तखतः
नाम,थरः
ठेगानाः
सम्पर्क नम्बरः

## अनुसुची-२

## कृषकको प्रतिवद्दता पत्र

अजिरकोट गाउँपालिका भित्र रहेका कृषकहरूका बिमित गाई/भैसीलाई सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको उद्देश्य अनुरूपको उपलब्धी हासिल गर्न अजिरकोट गाउँपालिका पशु सेवा शाखाद्वारा प्रकाशित सुचना अनुसार भत्ता उपलब्ध गराईने कार्यक्रम रहेको र म.............................................ले पालन पोषण गरिरहेको ...........वर्ष को................ रङ्गको...................स्थानीय/उन्नत/क्रस जातको गाई/भैसी मिति..............................मा ब्याएकोले म यस कार्यक्रममा सहभागी हुन योग्य छु र उक्त पोषण भत्ता वापत प्राप्त हुने रकमले तपशिलमा उल्लिखित कार्य गर्नेछु।

*तपशिल*

- अनुदान रकमबाट लैनो माउ र बाच्छाबाच्छी/पाडापाडीको विशेष स्याहार सुसार गर्नुपर्नेछ।
- पौष्टिक दाना, मिनिरल ब्लक, भिटामिन,ड्रेन्चिङ आदिको व्यवस्था गर्नुपर्नेछ।
- पशु वस्तुको स्वास्थय व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व वृद्धिका कार्यहरु गर्नुपर्नेछ।
- अनुदान कार्य अवधि समाप्त भएपछि पनि कृषकले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ।

दस्तखतः

नाम,थरः

ठेगानाः

सम्पर्क नम्बरः

| | |
|---|---|
| | |

**अनुसुची-३**

**प्राविधिक अनुगमन प्रतिवेदनको ढाँचा**

१. अनुगमन मितिः

२. अनुगमन टोलि विवरण

नामः

पदः

३. कृषकको नामः

४. ठेगानाः

अनुगमनमा देखिएका तथ्यहरुः

क) व्याएको गाई/भैसीको संख्याः

ख) बाच्छा/बाच्छी/पाडा/पाडीको संख्याः

ग) व्याएको मितिः

घ) कुन मिति देखि सो गाई/भैसी पालन गरेकोः

ङ) गोठको अवस्थाः

च) कृषकले पालन रहेको अन्य पशुपंक्षीको संख्याः

दस्तखतः

नामः

वडा पशु प्राविधिक,

वडा नं.............